पोखरा उपमहानगरपालिका

# बार्षिक समिक्षा प्रतिवेदन

आ.ब. २०७१/०७२

## २०७२ भाद्र १० गते विहीवार





प्रतिवेदन तयार गर्ने

टेकनाथ सापकोटा

सहरी शासन विज्ञ, पोखरा उपमहानगरपालिका, पोखरा, कास्की

# बिषय सूचि

१. परिचय ........................................................................................ १

२. कार्यक्रमको उद्देश्य ........................................................................ १

३. कार्यक्रमको ढाँचा ........................................................................... २

४. प्रतिवेदन प्रस्तुती ........................................................................... ३

५. प्रतिवेदन माथि छलफल  र सहभागिबाट उठाईएका जिज्ञासा तथा सुझाव .........८

६. जिज्ञासा उपर नगरपालिकाको स्पष्टोक्ति ................................................... १२

७. निष्कर्ष तथा सुझाव ...........................................................................१२

अनुसुचि

उपस्थिती

प्रस्तुतीहरु

## १. परिचय

नेपाल सरकार मन्त्रि परिषदको २०७१ मंशिर १६ गतेको निर्णय अनुसा पोखरा उपमहानगरपालिका क्षेत्रमा यस नगरपालिका सँग सीमाना जोडिएका तत्कालिन १० वटा गा.वि.स. हरु पोखरामा समाबेश गरी साविक १८ वटा वडा बाट हाल २८ वटा कायम हुन आएको छ । यसरी क्षेत्र विस्तार पश्चात नगरपालिकाले एक आर्थिक बर्षको मध्य समय सम्मको कार्य सम्पन्न गर्दै थियो ।

२०६८ सालको तथ्यांक अनुसार पोखरा उपमहानगरपालिकाको कुल जनसंख्या २५५४६५ र क्षेत्रफल ५५ वर्ग कि.मी. रहेकोमा हाल क्षेत्र विस्तार भई कुल जनसंख्या ३१३८४१ हुन गएको छ भने क्षेत्रफल २२५.६५ वर्ग कि.मी. हुन आएको छ। यसरी हेर्दा हाल क्षेत्र विस्तार पश्चात ५८३७६ जनसंख्या वृद्धि भएको छ भने १७०.६५ वर्ग कि.मी. क्षेत्रफल थप हुन आएको छ। पछिल्लो पटकको निर्णयले पोखरा उपमहानगरपालिकाको काँधमा थप जिम्मेवरी समेत दिएको छ। पछिल्लो पटक थप गरिएको क्षेत्र औषतमा केही क्षेत्र वाहेक सम्पुर्ण क्षेत्र प्राकृतिक हिसाबले ग्रामीण क्षेत्रमा रहेका छन ।

दिन प्रतिदिन सहरीकरणको बढदो चाँप रहेको पोखरा उपमहानगरपालिकाले विकासका चारै आयमहरु मानवीय, आर्थिक, भौतिक तथा सामाजिक विकासका क्षेत्रमा कार्य गर्दै आएको छ। स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ ले गरेको व्यवस्था बमोजिम सबै स्थानीय निकायहरुले आफुले सम्पन्न गरेका कार्यहरु के कसरी सम्पन्न गरीयो ? कति लागतमा सम्पन्न गरियो ? कार्य सम्पादनका क्रममा के कस्ता सहजता र असहजता रहे ? आगामी दिनमा के कसरी कार्य सञ्चालन गर्दा अझ सफलता प्राप्त गर्न सकिन्छ ? भन्नका लागि आम नगरवासी, पत्रकार, राजनैतिक दल लगायत अन्य सबै सरोकारवालाहरु माझ प्रगति प्रतिवेदन प्रस्तुत गरी तोकिएको समयमा समिक्षा सम्पन्न गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ। आर्थिक बर्ष समाप्त भएको ६० भित्र सम्पन्न गर्नु पर्ने यस्तो समिक्षा पोखरा उपमहानगरपालिकाले आ.ब. २०७१/०७२ को समिक्षा २०७२ भाद्र १० गते विहीवारका दिन विभिन्न सरोकारवालाहरुको उपस्थितीमा सम्पन्न गरेको छ । उपस्थितीको विवरण अनुसुचिमा राखिएको छ ।

पोखरा उपमहा नगरपालिकाले आ.ब. २०७१/०७२ मा सम्पादन गरेको कार्यको बार्षिक समिक्षा सम्पन्न गरेको छ। समिक्षामा पोखरा उपमहानगरपालिकामा रहेको विभिन्न समितिहरुले उक्त आ.ब.मा सम्पन्न गरेका कार्यहरुको प्रगति प्रतिवेदन प्रस्तुत गरियो भने उक्त प्रतिवेदनमाथि नागरिकहरुको तर्फबाट सवल पक्ष र सुधार गर्नु पर्ने पक्ष माथि छलफल गरी पृष्ठपोषण प्रदान गरियो ।

## २. कार्यक्रमको उद्देश्य

समग्रमा बार्षिक समिक्षा कार्यक्रमको उद्देश्य आ.ब. २०७१/०७२ मा नगरपालिकाले सम्पन्न गरेका कार्यहरु तथा सम्पादन गरेका कार्यहरु तोकिएको लक्ष्य हासिल गर्नकालागि कति सार्थक भए र आगामी दिनमा कसरी कार्य गर्नु उपयुक्त हुन्छ भन्ने कुराको निक्यौंल गर्नु नै हो । तथापी यसका विशिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन ।

- नगरपालिकाको वित्तिय अवस्था (आय र व्यय) माथि छलफल गर्नु
- नगरपालिकाले सञ्चालन गरेका भौतिक योजनाहरु कति प्रभावकारी रहे र त्यसलाई थप प्रभावकारी बनाउन के गर्न सकिन्छ पत्ता लगाउनु
- नगरपालिकाले मानवीय, आर्थिक तथा सामाजिक विकासका क्षेत्रमा के कस्ता कार्यहरु सम्पादन गर्‍यो र आगामी दिनका लागि उपयुक्त रणनीतिहरुको तयार गर्नु
- आगामी आ.ब. मा नगरपालिकाले के कसरी कार्य गर्नु पर्दछ सोका लागि आवश्यक जनशक्ति लगायतका बिषयहरुमा छलफल गर्नु
- नगरपालिकाको संस्थागत संरचनाले हालको अवस्थामा गरि रहेको सेवाको प्रभावकारीताको जनस्तरबाट मापन गर्नु र सुधारका उपायहरु पत्ता लगाउनु ।

## ३. कार्यक्रमको ढाँचा

पोखरा उपमहानगरपालिकाद्धारा आयोजना गरिएको बार्षिक समिक्षा कार्यक्रम देहाय अनुसार सञ्चालन गरिएको थियो ।

सभापतिको आसन ग्रहण, अतिथि आसन ग्रहण, स्वागत तथा कार्यक्रमको उद्देश्यमाथि प्रकाश, बिषयगत समिति तथा शाखाहरुको प्रगति प्रस्तुति, विभिन्न साझेदार निकायहरुको प्रस्तुती, प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा जिज्ञासा, सहभागिहरुबाट उठेका जिज्ञासा तथा सुझाव माथि प्रकास तथा कार्यक्रम समापन ।

यसरी तयार गरिएको कार्यक्रमको ढाँचा अनुसार उक्त कार्यक्रम प्रशासकीय अधिकृत कल्पना बरालले सञ्चालन गर्नु भएको थियो । कार्यक्रममा अध्यक्षता प्रमुख एवं कार्यकारी अधिकृत श्री उदयबहादुर रानामगरले गर्नु भएको थियो भने कार्यक्रममा सहभागिहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य प्रशासन विभाग प्रमुख अनन्त प्रसाद कोइरालाले राख्नु भएको थियो ।

यस पछि पूर्वाधार तथा संरचना विकास समितिको तर्फबाट बरिष्ठ इन्जिनियर श्री शारदा मोहन काफ्लेले प्रगति प्रस्तुत गर्नु भयो । आफ्नो प्रस्तुतीमा काफ्ले ले सबै योजना सम्पन्न गर्नमा २०७२ साल बैशाख १ गते गएको महाभुकम्पको प्रभावका कारणले समयमा सम्पन्न गर्न कठिनाई भएको भए पनि सबै योजनाहरु सम्पन्न हुने चरणमा रहेको जनाउनु भएको थियो । साथै फेवा ताल संरक्षण तथा व्यवस्थापन कार्यालयको प्रस्तुती इन्जिनियर महेन्द्र बहादुर गोदारले गर्नु भएको थियो । प्रस्तुती अनुसुचिमा राखिएको छ ।

जनसंख्या तथा सामाजिक विकास समितिको तर्फबाट बरिष्ठ अधिकृत श्री ओमराज पौडेलले आफ्नो प्रगति विवरण प्रस्तुती गर्नु भएको थियो । त्यसै गरी भुमि तथा जल स्रोत विकास समितिको तर्फबाथ कानुन अधिकृत श्री नारायण प्रसाद शर्माले प्रगति प्रस्तुत गर्नु भयो । नगरपालिकाको आन्तरीक प्रशासन तथा सिफारिस सम्बन्धी प्रगति प्रतिवेदन प्रशासन विभाग प्रमुख श्री अनन्त प्रसाद कोइरालाले गर्नु भएको थियो । पोखरा उपमहानगरपालिकाले गत आ.ब. २०७१/०७२ मा गरेको आय व्यवयको विवरण कर अधिकृत श्री शिवहरी शर्माले प्रस्तुत गर्नु भयो । कृषि वन तथा वातावरण समितिको तर्फबाट वन वातारणको सम्बन्धमा वातावरण

अधिकृत श्री निर्मलमानसिंह भण्डारीले प्रगति प्रस्तुत गर्नुभएको थियो भने ल्याण्डफिल साईट तथा सरसफाई तर्फको प्रगति जु.ई. नेत्र तिम्सिना तथा  वातावरण मैत्री स्थानीय शासनको सम्बन्धमा अनुगमन तथा मुल्यांकन अधिकृत हरी प्रसाद नेउपानेले थियो ।

विभिन्न विकास साझेदारहरुको समेत प्रगति प्रतिवेदन समिक्षामा पेश गरिएको थियो । गोनेशा गैर सरकारी संस्थाको प्रगति प्रतिवेदन संस्थाका राम प्रसाद सुवेदीले प्रस्तुत गर्नु भएका थियो ।

## ४. प्रतिवेदन प्रस्तुती

सर्व प्रथम प्रशासन विभाग प्रमुख अनन्त प्रसाद कोइरालाले स्वागत मन्तव्य सहित कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्ने कार्यक्रम भएको थियो ।

समिक्षामा नगरपालिका सँग रहेका विभिन्न समितिहरु बजेट तथा राजश्व समिति, भुमि तथा जलस्रोत विकास समिति, पूर्वाधार तथा संरचना विकास समिति, जनसंख्या तथा सामाजिक विकास समिति, संगठन तथा प्रशासन समिति र कृषि वन तथा वातावरण विकास समिति लगायत यस समिति मातहत रहेको विभिन्न शाखाहरुको तर्फबाट सम्बन्धित समिति र शाखाका जिम्मेवार कर्मचारीहरुबाट प्रगति प्रतिवेदन प्रस्तुत गरिएको थियो ।



भौतिक पूर्वाधार तर्फ गत आर्थिक बर्षमा भित्री सडकहरुमा ढलान प्राथमिकता, जनसहभागिता वढी हुने आयोजनाहरु लाई प्राथमिकता, वडास्तरीय बजेट भुगोल ,जनसंख्या ,शहरीकरण र राजश्व संकलनमा आधारीत, सौर्य सडक वत्ती मा जोड, सार्वजनिक परिक्षण अनिवार्य, रु ५ लाखभन्दा बढीको आयोजनामा होडिङ्गवोर्ड अनिवार्य राख्ने नीति अवलम्बन गरिएको थियो । यसरी कार्य सञ्चालन गर्दा पिच सडक निर्माण कुल लागत ५ करोड ३१ हजारमा ७.३ कि.मि. सम्पन्न भएको छ । ढलान सडक निर्माण कुल ७.२ कि.मि. लागत ३ करोड वयासी लाख ३८ हजार हुन गएको छ । यसै गरी पिच मरमत तर्फ २ कि.मि. (९७४० वर्ग मि.) सम्पन्न भएको छ । यसका लागि १ करोड ५२ लाख १ हजार लगानी भएको छ । ढल निर्माणका लाग कुल १ करोड ८३ लाख ३१ हजार लगानी मई ५७७५ मि. ढल निर्माण भएको छ । खाने पानि विस्तारमा २७ वटा योजना सञ्चालन भएका छन भने ग्राभेल पिलिंग तथा ह्युमपाइपका योजना संख्या ३० रहेको छ । ३

वटा योजनाहरु कम्पाउण्डवाल निर्माण रहेका छन भने भवन तथा शौचालय निर्माण तर्फ २३ वटा योजना सञ्चालन भई ६१ लाख ८७ हजार लगानी भएको छ । गत आ.ब.मा कुल योजना संख्या २७५ रहेको छ जसको लागत १६ करोड ३९ लाख ३५ हजार मध्ये नगरपालकाले १० करोड ७२ लाख ४ हजार र उपभोक्ताले ५ करोड २ लाख ५६ हजार लगानी गरिएको छ ।



जगेडा कोष तर्फ ८ वटा योजना सञ्चालनका लागि ४ करोड ५० लाख १ हजार कुल लगानीमा नगरपालिकाले ८९ लाख ९९ हजार जगेडा कोषबाट २ करोड २५ लाख तथा उपभोक्ताबाट १ करोड ३५ लाख लगानी गरिएको छ । यस अन्तरगत ४ वटा योजना सम्पन्न भई सकेका छन भने ४ वटा अन्तिम चरणको कार्य भई रहेको छ ।

गत आ.ब. मा सडक वोर्ड अन्तरगतका ७ वटा योजनाको लागि १ करोड ३१ लाख ३७ हजार लागत अनुमान सहितका योजना सञ्चालन भएका छन भने यसमा नगरपालिकाबाट १५ लाख १३ हजार सडक वोर्डबाट ९१ लाख ९५ हजार र उपभोक्ताबाट २४ लाख २८ हजार स्रोत जुटाइएको छ ।

फेवा ताल संरक्षण तथा व्यवस्थापन कार्यालय गत आ.ब. मा स्थापना गरिएको छ । यस कार्यालयको लागि १ इन्जिनियर, १ जुनियर इन्जिनियर, २ प्रहरी सहायक निरिक्षक र १ जना कार्यालय सहयोगिको व्यवस्था गरिएको छ । गत आ.ब. मा कार्यालय सञ्चालन भए पति फेवा तालको जलाधार क्षेत्रमा हेभि मशिन प्रयोगमा रोक लगाउने कार्यको थालनी गरिएको छ । सेती नहरले तालमा प्रदुषण गरेकोले यसलाई बन्द गरिएको छ । म्युजिकल फउण्टेनको कार्य अघि बढाईएको छ । त्यसै गरी विभिन्न खहरे खोलामा चेक ड्याम निर्माण गरिएको छ । यसै गरी फेवा ताल संरक्षण तथा व्यवस्थापन कार्यालयको जिम्मेवारीमा रहेका कार्यहरुमा फेवा तालको सिमांकन गर्न सकिएको छैन भने फुटपाथ वरीपरी नियम विपरित निर्माण भएका संरचना रोक्न नसकिएको अवस्था छ । फेवाको जग्गा निजी नाउँमा दर्ता भएकोमा सो जग्गाको दतौ खारेजको कारवाही समेत अघि बढाउन नसकिएको अवस्था रहेको छ । यसरी गत आ.ब.मा मात्र स्थापना गरिएको फेवा संरक्षण तथा व्यवस्थापन कार्यालयले आफ्नो काम शुरु गरेको भए पनि यसलाई प्रभावकारी बनाउन सबै क्षेत्रको सहयोगको अपेक्षा गरिएको छ ।



थप भएका १० वटा वडाको संक्षिप्त प्रस्तुती गर्दै वित्त अधिकृत सविता ढुंगानाले कुल योजना ३७५ रहेकोमा २४३ योजना सम्पन्न भएको जसमा कुल खर्च २ करोड ५० लाख ८९ हजार ६ सय ५१ रुपैया भएको र यसमा जनसहभागिता २८ लाख ३३ हजार ८४ रुपैया रहेको जसको भुक्तानी १ करोड ५३ लाख २७ हजार ५ सय २६ रुपैया भएको छ भने पेश्कि २६ लाख ३७ हजार ३ सय ७९ रुपैया रहेको छ । साथै भुक्तानी दिन बाँकी ६९ लाख २९ हजार ४१ रुपैया रहेको व्यहोरा प्रस्तुत गर्नु भएको थियो ।

भुमि तथा जलस्रोत विकास समिति अन्तरगत विभिन्न प्रकारका सिफारिसहरु, स्थानीय स्वायत्त शासन ऐन तथा आदेश, निर्देशन बमोजिमका कार्यहरु : कार्यालय तथा सार्वजनिक सम्पतीहरुको विवरण स्वामित्व सम्वन्धी कार्य तथा संरक्षण : नगर क्षेत्रभित्र खानेपानीको मुहान खोजी अनुसन्धान एवं संरक्षण तथा कानूनी परामर्श, वहस पैरवी एवं अभिलेखिकरण गरिने गरिएको छ । यस समिति अन्तरगत खानेपानि पाईप विस्तार, पानि टंकी निर्माण, मुहान मरमत गरी विभिन्न २६ वटा योजनाका लागि कुल ४९ लाख १ हजार ४ सय ९४ रुपैया खर्च भएको छ । सार्वजनिक जग्गा संरक्षणका लागि विभिन्न ५ स्थानमा कार्य सम्पन्न गरिएको छ जसका लागि कुल ६ लाख खर्च भएको छ । समग्र कार्यको प्रगति हेर्दा ९०.३७ प्रतिशत वित्तिय प्रगति रहेको छ भने भौतिक प्रगति तर्फः ७८ प्रतिशत प्रगति भएको अवस्था रहेको छ ।

यस समिति अन्तरगतका कार्यक्रम सञ्चालन गर्दा सार्वजानिक जग्गा तथा प्राकृतिक सम्पदाहरु संरक्षण गर्ने कार्य चुनौती पूर्ण रहेको, समयमा योजनाहरुको सम्झौता गर्न नआउने तथा प्रयाप्त वजेटको अभाव जस्ता समस्या रहेको छ भने यसको समाधानका लागि सार्वजानिक जग्गा तथा प्राकृतिक सम्पदाहरुको संरक्षण गर्न स्थानीय टोल विकास संस्था आमा समुह, क्लवहरुको सक्रिय सहभागीता बृद्धि गर्नु पर्ने, सम्वन्धित वडा कार्यालय वाट टोलविकास संस्थाहरुलाई समयमा नै योजना सम्झौताको लागि पत्राचार गर्नु पर्ने तथा कार्यालय वाट लगत इस्टमेट वमोजिमको जनसभागिता सहित योजना सञ्चालन हुनु पर्ने देखिन्छ ।

जनसंख्या तथा सामाजिक विकास समिति अन्तरगत सामाजिक विकास शाखा, महिला तथा बालबालिका उपशाखा, गरिवी न्युनिकरण शाखा, जनस्वास्थ्य शाखा तथा सुचना तथा अभिलेख केन्द्र हरु रहेका छन । गत आ.ब.मा पोखरालाई साक्षर नगर घोषणा गरिएको छ । यस समितिबाट विभिन्न २६ वटा क्षेत्रमा विभिन्न कार्यक्रममा ६ करोड ४ लाख १७ हजार ४ सय ४६ रुपैया खर्च भएको छ । कुल अनुमानित खर्च ८ करोड ९० लाख ४६ हजारको तुलनामा यो खर्च ६७.८५ प्रतिशत रहेको छ ।



विभिन्न ५० वटा समुहमा सिप तथा क्षमता विकास सम्बन्धी तालिम कार्यक्रहरु सञ्चालन गरिएको र उक्त कार्यक्रमबाट ५५० जनजाती, २५० दलित र ५८० अन्य वर्गका गरी कुल १३८०मानिसहरु प्रतक्ष्य लाभान्वित भएका छन ।

सामाजिक परिचालन तर्फ कुल ३६९ टोलविकास संस्था रहेका छन । नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी भएको सामाजिक परिचालन कार्यविधि अनुरुप पोखराका २८ वटै वडामा वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्र गठन गरिएको छ । यसरी गठन भएका नागरिक समुह सञ्चालन र परिचालनका लागि २८ जना सामाजिक परिचालकहरुले कार्य गरि रहेका छन ।

पोखरा उपमहानगरपालिकामा कुल दरबन्दि तथा सो को पुर्ण विवरण प्रस्तुत गरिएको थियो । कुल दरबन्दी संख्या २८६ रहेकोमा हाल ३३ दरबन्दी रिक्त रहेको र २५३ दरवन्दीमा कर्मचारी रहेको जस अनुसार अधिकृत कर्मचारी २० सहायक कर्मचारी २३३ रहेको अवस्था छ । यसमा स्थायी कर्मचारी १५४ र अस्थायी करारमा ९९ जना रहेको अवस्था छ । त्यसै गरी शिक्षिका ३७ जना, १३ जना करार सेवा, सिमा विस्तार पश्चात १० वटा वडामा कार्यरत २० जना कर्मचारीहरुलाई दरवन्दि मिलान गर्नु पर्ने अवस्था रहेको छ ।

गत आ.ब. २०७०/०७१ बाट नगरपालिकाले विद्युतीय हाजिरीको कार्यान्वय गरेको साथै कर्मचारी व्यवस्थापनका लागि अनुगमन निरीक्षण र छड्के जाँचमा तिव्रता गरिएको अवस्था रहेको थाये नगरपालिकाको कार्य सहज रुपमा सञ्चालन व्यवस्थापन गर्नका लागि सि.सि.टिभी साथै ईन्टरकम टेलिफोनको ब्यवस्था गरिएको अवस्था रहेको छ । क्रमिह रुपमा प्रशासनिक खर्चमा कटौति तथा मितव्ययीता अपनाउदै गएको पोखराले आ.ब. २०७०।०७१ को न्युनतम शर्त तथा कार्य सम्पादन मापनमा ८२ अंक प्राप्त गरेको छ ।

गत आ.ब मा व्यक्तिगत घटना दर्ता तर्फ जन्म दर्ता वालक १६१९ वालिका १५५४ गरी कुल ३१७३ जन्म दर्ता भएको छ भने मृत्यु दर्ता महिला ४६० र पुरुष ४७२ गरी ९३२, विवाहह दर्ता ५७२, सम्बन्ध विच्छेद ४८, बसाई सराई दर्ता संख्या ४२८ रहेको छ जसमा आएको परिवार संख्या २१७१ तथा गएको ३८३ जना रहेको छ ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने संख्या ७५१० रहेको जसमा पुर्ण अपांग २०७ आंशिक अपांग ९ जना रहेका छन् ।

फोहरमैला ब्यवस्थापनका लागि वडा नं. ३, ४, ६, ७, ८, ९ र १७ (७ वटा वडाहरु) सार्वजनिक निजी साझेदारी अवधारण अन्तरगत व्यवस्थापन गरिएको छ । त्यसै गरी सडक वत्ति व्यवस्थापनका सन्दर्भमा वडा नं. ६, ८ र ९ पोखराको मुख्य स्थान न्यु रोड तथा लेक साईड मार्गमा सौर्य बत्ति जडानको कार्य सम्पन्न गरिएको छ ।

नगर सुरक्षा व्यवस्थाका लागि सुरक्षा शाखा यस समिति भित्र रहेको र यश शाखाद्धारा गत आ.ब. मा फेवा तालको संरक्षणकालागि तालबाट पानि तान्ने र घरबाट निस्कने फोहर पानि तालमा मिसाउने कार्यलाई निषेध गरिएको । फुटपाथ व्यावसायीहरुलाई हटाइ पोखरालाई फुटपाथ व्यापार निषेधीत क्षेत्र वनाएको तथा पोखरालाई ठेलागाडा निषेधित क्षेत्र घोषणा गरिएको छ । जनस्वास्थ्यमा प्रतक्ष्य प्रभाव पाने मासु जन्य पदार्थको

शुद्धताका लागि मासु पसलहरुको नियमित अनुगमन गर्ने गरिएपछि मासु पसलहरु सुधार भएको सुधारमा अटेर गर्नेलाई कानुन बमोजिम कारवाही गरिएको अवस्था रहेको छ ।

आर्थिक विवरण बजेट तथा राजश्व समितिबाट नगरपालिकाले बर्ष भरिमा आम्दानी गरेको अनुमानित तथा यथार्थ विवरण प्रस्तुत गरियो जसमा गत आ.ब. २०७०१/०७२ मा पोखरा उपमहानगपालिकाले आन्तरीक अनुमानित आय २९ करोड ४० लाख तथा बाह्य आय २७ करोड ३७ लाख ७२ हजार गरी कुल ५६ करोड ७७ लाख ७२ हजार हुने अनुमान गरेकोमा यथार्थ आय आन्तरीक स्रोतबाट ३२ करोड ८६ लाख ६५ हजार र बाह्य स्रोतबाट २८ करोड ६४ लाख ६७ हजार गरी कुल आय ६१ करोड ११ लाख १३ हजार आम्दानी गरेको छ । अनुमानको तुलनामा कुल अनुमानितमा १०७.६४ प्रतिशत तथा आन्तरीक आयमा १०.४३ प्रतिशतले बढी आय भएको छ ।

यसमा खर्च तर्फ चालु खर्च रु.१२ करोड ५६ लाख १ हजार र पुँजिगत खर्च ३९ करोड ६६ लाख ९९ हजार गरी कुल खर्च ५२ करोड २३ लाख खर्च भएको थियो ।

कृषि वन तथा वातावरण विकास समिति अन्तरगत कृषि तथा वातावरणा, सरसफाई र ल्याण्डफिल साईट



गरी तिन वटा शाखा रहेको छ । कृषि तथा वातावरण शाखा अन्तरगत कुल विनियोजित रकम १ करोड १४ लाख ६० हजारमा खर्च ४१ लाख ११ हजार मात्र भएको देखिन्छ । जुन अनुमानको तुलनामा ३६ प्रतिशत मात्र रहेको छ ।

सरसफाई तथा ल्याण्डफिल शाखा अन्तरगत यस आ.ब.मा १३७६९.७० टन फोहोर ल्याण्डफिल साईडमा व्यवस्थापन गरिएको छ । पोखरा फोहोरमैला व्यवस्थापन प्रा.लि. सँग वडा ६, ७, १७ तथा सुन्दर वातावरण नेपाल प्रा.ली. सँग वडा नं. २, ४, ८, ९ मा सार्वजनिक निजी साझेदारीको अवधारणा अन्तर्गत फोहोरमैला व्यवस्थापनको कार्य गरिएको छ। जथाभावि फोहोरमैला फाल्नेलाई दण्ड जरिवानाको परिपाटी बसालिएको । फोहोरमैला न्यूनीकरण तथा जनचेतना सांस्कृतिक अभियान कार्यहरु संघ संस्था हरुको अगुवाई कार्य योजनाहरु संचालन हूदैं आएको अवस्था रहेको छ । सरसफाई कार्यको कार्य तालिका तयार गरी सोही अनुसार कार्य गरीएको छ। यस आर्थिक बर्ष देखि प्रतिफलमा आधारित फोहरमैला व्यवस्थापन परियोजनाको शुरुवात गरिएको छ । यसमा विश्व बैंक, नगर विकास कोष र पोखरा उपमहानगरपालिकाको साझेदारीता रहेको छ ।



यसै गरी नयाँ थप भएको वडाहरुमा सरसफाई सम्बन्धी अभिमुखिकरण कार्यक्रम समेत सञ्चालन गरिएको छ ।

ल्याण्डफिल तर्फ सरसफाई तथा ल्याण्डफील तर्फका कर्मचारीहरुको लागि तालिम संचालन गर्न नसकिएको, जनशक्तिको अभावमा कम्पोष्ट यार्ड संचालन गर्न नसकिएको, मलमूत्र व्यवस्थापन गर्न नसकिएको, संझौता भए पनि पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको त्चभबतझभलत पछिको साधारण फोहोरमैला व्यवस्थापन गर्न नसकिएको, ल्याण्ड फिल साइटमा फोहोरमैला पुर्नको लागि माटोको अभाव सिर्जना भएको, HRB ले राम्रो संग काम नगरेको अर्थात समस्या देखीएको तथा निजी क्षेत्रले फोहोरको मात्रा सम्झौता अनुरुप नघटाएको अर्थात कुहिने फोहोरमैलाको उचित व्यवस्थापन गर्न नसकेको  जस्ता समस्या समेत प्रस्तुतिमा समेटिएको थियो ।



वातावरण मैत्री स्थानीय शासन कार्यक्रम अन्तरगत पोखरा उपमहानगरपालिकाले गत आ.ब.२०७१/७२ मा १ करोड ६० लाख १० हजार नेपाल सरकारबाट अनुदान प्राप्त गरेकोमा कुल खर्च १ करोड २ लाख १२ हजार भएको छ । यसमा पोखरा उपमहानगरपालिकाले २९ लाख २५ हजार आफ्नो स्रोतबाट लगानी गरेको छ । यस कार्यक्रम अन्तरत बृक्षा रोपण, चौतारा मरमत सम्भार, फेवा ताल संरक्षण, नदी नियन्त्रण, जलकुम्भि नियन्त्रण, ठुली पोखरी संरक्षण तथा पर्खाल निर्माण, विश्व शान्ति स्तुपामा सोलार लाई तथा पहिरो नियन्त्रण तथा अर्मला क्षेत्रमा वातावरण संरक्षणको कार्यमा लगानी गरिएको छ ।

विभिन्न विकास साझेदारहरुको प्रस्तुती अन्तरगत गोनेशाले मात्र प्रस्तुती गरेको थियो भने अन्यले आफ्नो प्रतिवेदन लिदित रुपमा तोकिएको फारममा प्रस्तुत गरेका थिए । सबै प्रस्तुतीहरुको पुर्ण विवरण अनुसुचिमा राखिएको छ ।

## ५. प्रतिवेदनमाथी छलफल र सहभागिबाट उठाईएका जिज्ञासा तथा सुझावहरु

प्रगति विवरण प्रस्तुतिको कार्यक्रम पश्चात खुला छलफलको कार्यक्रम सञ्चालन गरियो । यसरी गरिएको खुला छलफलमा सहभागिहरुबाट देहाय अनुसारका सुझाव तथा जिज्ञासाहरु आएको थियो ।

| जिज्ञासा वा सुझाव कर्ता | जिज्ञासा वा सुझाव |
|---|---|
| प्रकाश पौडेल टोलविकास संस्थ समन्वय समिति संयोजक वडा नं. १५ | • जन सहभागितामा सडक निर्माण कार्य भएको छ कतिपय सडकहरु मरमत सम्भार गर्नु पर्ने वेला भएको छ । यसकालागि नगरपालिकाको मरमत सम्भार नीति के रहेको छ ? पुन मरमत सम्भारका लागि समेत जनसहभागिता चाहिने हो वा होइन ? |

| | |
|---|---|
| | • सडक बत्ति व्यवस्थापनमा नगरपालिकाले गर्दै आएको कार्य के कुन अवस्थामा छ ? यसको व्यवस्थापन महंगो भएको छ कसरी व्यवस्थित गर्ने सोच बनाईको छ ।<br>• सेति नदिको मापदण्ड वा राइट अफ वे कायम गरी पैदल मार्ग बनाउन सके यसले पर्यटन प्रवर्दनमा थप सहयोग गर्ने थियो ।<br>• सार्वजनिक जग्गा संरक्षण्का लागि पार्क तथा वृक्षा रोपण अभियान शुरु गर्नु पर्दछ ।<br>• वडा कार्यालय भवन जिर्ण वनेकाछन तिनिहरुको पुन निर्माण कार्य तत्काल गर्नु पर्ने । |
| धनन्जय रिजाल टोलविकास संस्थ समन्वय समिति सचिब वडा नं. ५ | • नगरपालिकाले गत आ.ब.मा काम गर्दा के के गर्‍यो कार्य सम्पादनका क्रममा देखिएका सवल पक्ष, कमजोर पक्ष, चुनौति तथा समाधानका लागि अपनाईएको उपाय समेत प्रस्तुत गरिदा आगामी बर्षको रणनीति तय गर्न सहज हुने ।<br>• सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको नामावली अध्यावधिकको अवस्था के कस्तो छ । कति थपिए कति कटाइए सो को विवरण समेत प्रस्तुत गर्नु राम्रो हुने ।<br>• नगरपालिकाले दर्ता र नविकरणको लागि सिफारिस गरिएका संस्थाहरु सँग कुन क्षेत्र वा बिषयमा सहकार्य गर्न सकिन्छ सिफारिस गर्दा कै अवस्थामा पहिचान गरी तिनिहरुलाई परिचालन गर्ने नीति अवलम्बन गर्नु पर्ने ।<br>• आवश्यकता अनुसार कार्यक्रमको गुणात्मकता र संख्यात्मकताको तालमेल मिलाएर सो को प्रभाव सहित प्रस्तुतीमा समेटिनु उपयुक्त हुने ।<br>• अन्तराष्ट्रिय भ्रमणबाट पोखराले के सिक्यो सो समेत प्रस्तुतीमा समेटिनु पर्ने ।<br>• बाह्य आय भनिएको शिर्षकमा कुन निकायबाट कति आय भएको हो सो समेत खुलाई प्रस्तुत भएको भए कुन क्षेत्रबाट कति रकम पोखरा आयो भन्ने कुरा नगरवासीलाई जानकारी हुने थियो । |
| प्रकाश ढकाल पत्रकार | • नगरपालिकाले क्षतिपुर्ति सहितको नागरिक वडा पत्र जारी गरेको भनिएको छ तर त्यो वडा कार्यालयमा मात्र सिमित रहेको छ नगरपालिकामा त्यसको व्यवस्था किन नगरिएको हो ?<br>• सामाजिक विकासका कार्यक्रमहरु सञ्चालन गर्दा सम्बन्धित बिषयमा कार्य गर्ने संघ संस्थाहरु सँग सहकार्य गरिएमा उपलब्धि बढी लिन सकिन्छ । यदाकदा बिषय क्षेत्रमा काम नगरेका संस्थाहरु सँग समेत सहकार्य गरिएको पाईएको छ । त्यसको प्रभावकारीता कस्तो रह्यो सो प्रस्तुतीले समेटेन यसलाई समेटने गरियोस ।<br>• नगरपालिकामा निर्देशिका बढी भए सो को कार्यान्वयन कम भएको छ अतः कार्यान्वयनमा समेत ध्यान दिनु पर्ने । |

| | |
|---|---|
| | • लक्षित वर्गको बजेट अवण्डा राखिन्छ जसले गर्दा खर्च कम भएको छ । बजेट कार्यक्रम तोकिएर नै राख्नु पर्छ ।<br>• वाल मैत्रीको नारा धेरै लगाइयो तर प्रगति कति भयो बाहिरबाट खासै प्रगति भएको देखिन्न किन हो ।<br>• नया वडामा ध्यान कम गएको छ यसलाई विचार गर्नु पर्ने<br>• वस्ति र वडाबाट आएका योजनामा नै बजेट व्यवस्था गरिने हो भने खर्च बृद्धि गर्न सकिन्छ । |
| राम प्रसाद सुवेदी गोनेशा | • सडक निर्माण कार्य सम्पन्न हुन नपाउँदै पुन खानेपानि, विद्युत तथा टेलिफोनको नाउँमा सडक खन्ने गरिन्छ यसले भौतिक पूर्वाधारको दिगो पनामा नकारात्मक प्रभाव पारेको सन्दर्भमा नगरपालिकाले सडक निर्माण गर्नु पूर्व नै यस्ता निकायहरु सँग समन्वय गर्नु पर्ने ।<br>• फेवाको संरक्षणका लागि पर्यटन शुल्क लगाने व्यवस्था गरिनु पर्ने<br>• फेवा संरक्षणका लागि बनाईने चेक ड्याम उचित स्थानमा बनाइनु पर्ने<br>• फेवा जलाधार क्षेत्रमा डोजरको प्रयोग गर्न निषेध गरिनु पर्ने<br>• सार्वजनिक जग्गा पछिल्लो पटक हालसाविक गर्ने नाउँमा नीजि नाउँमा दर्ता हुने क्रम बढेको छ यसलाई सम्बन्धित निकाय सँग समन्वय गरी तत्काल रोक्नु पर्ने<br>• बजेट खर्च क्षमता बढाउनका लागि विकास साझेदारहरु सँग साझेदारीता बढाउनु पर्ने |
| मित्रमणी तिम्सिना संयोजक वडा नागरिक मञ्च वडा नं. २६ | • फेवाको मुख्य समस्या पहिचान गरी योजना निर्माण गरी कार्यान्वयन गर्नु पर्ने<br>• फेवा संरक्षणमा स्थानीय वासीलाई सहभागि गराउनु पर्ने जसले दिगो संरक्षणमा सहयोग गर्दछ<br>• न्युरोड सतह ढलको योजना बनाइनु पर्ने<br>• ५ लाख भन्दा माथिका योजनामा मात्र नभई सबै योजनामा होडिंग वोर्ड राख्ने व्यवस्था गरिनु पर्ने<br>• नगरपालिकाले सार्वजनिक वा आफ्नो जग्गामा भवन निर्माण गर्दा त्यसको उपयोग र दिगोपनामा ध्यान दिनु पर्ने |
| पार्वती ढुंगाना महिला समन्वय समिति वडा नं. १४ | • सडकको क्षेत्राधिकार तत्काल तोकि सोही अनुरुप निर्माण कार्य गरिनु पर्ने<br>• अन्तराष्ट्रिय विमान स्थलको बाटो तत्काल सम्पन्न गर्नु पर्ने<br>• वातावरणको बजेट खर्च भएको छैन तर वडामा वातावरणीय समस्या छ कसरी यस्तो भयो किन खर्च गर्न सकिएन ?<br>• फोहोर संकलन भित्री सडकमा किन नहुने ?<br>• नहरबाट कृषि क्षेत्रमा फोहोर गई उत्पादनमा नकारात्मक प्रभाव परेको छ यसलाई न्युनिकरण गर्नु पर्ने<br>• सडक निर्माणमा २० प्रतिशत जनसहभागिता भनिएको भए पनि ४० प्रतिशत नभई सम्झौता हुन्न किन त्यसो भएको हो ? |

| | |
|---|---|
| | ● उपभोक्ताले तिर्नु पर्ने रकम नतिरेको अवस्थामा नगरपालिकाले के सहयोग गर्छ ? यदी सहयोग नगर्ने हो भने उपभोक्ता रकम नतिर्न तर्फ लाग्ने सम्भावनालाई कसरी कम गर्ने<br>● रातोमाटामा वत्ति र खानेपानिको व्यवस्था गर्नु पर्ने |
| दुर्गा बहादुर गुरुंग संयोजक वडा नागरिक मञ्च वडा नं. २८ | ● पोखराको उचाई कम लेखिएको छ सुधार गर्नु पर्ने<br>● योजना तर्जुमा प्रक्रिया कार्यविधि अनुरुप गर्ने गरी सुधार गर्नु पर्ने |
| उज्वल खत्री संयोजक टोलविकास संस्था नगर समन्वय समिति | ● एम सि पि एम मा किन पछि परियो नगरपालिका वा नगरवासीको कारणले हो ?<br>● विदेश भ्रमण वा कार्यक्रममा सहभागिताका लागि गईन्छ तर त्यसबाट सिकाई के भयो सो बिषयमा नगर स्तरमा छलफल गर्ने परिपाटीको थालनी गर्नु पर्‍यो<br>● बधशाला हरेक बर्ष किन मुद्धामा मात्र सिमित भएको छ । यसलाई अघि बढाउन नसक्नुको कारण के हो ?<br>● सार्वजनिक शौचालय निर्माण गर्न १० प्रतिशत जनसहभागिता खोजिन्छ कसले दिने हो उक्त सहभागिताको रकम यसलाई हटाउनु पर्दछ<br>● वडामा काम थप भएको छ जनशक्ति कम छ भवन समेत पर्याप्त छैन तत्काल भवन निर्माण गर्नु पर्ने<br>● वडा नं. ९ र ११ मा सरसफाई उपकरण दिइएको रहेछ अन्य वडामा किन नदिएको हो ?<br>● टोलविकास संस्था परिचालन किन कम भएको हो यसको कारण के होला? |
| माया सुवेदी संयोजक टोलविकास संस्था वडा नं. २ | ● टोलविकास संस्था तथा आमा समुहको लागि भ्रमण कार्यक्रम राखिनु पर्दछ<br>● सडक निर्माण गर्दा गटर सानो निर्माण गरिने कारणले पानि सडकमा आयो यसलाई ध्यान दिइयोस<br>● हरेक वडामा कम्प्युटरको व्यवस्था गरी सेवा प्रवाह समेत विकेन्द्रित गरियोस |
| पदमराज पहारी उपाध्यक्ष गैर सरकारी संस्था महासंघ कास्की | ● नगरपालिकामा गैर सरकारी संस्था डेस्क र कर्मचारी व्यवस्था गरिनु पर्ने<br>● उक्त डेस्क मार्फत नगर क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाको कार्यक्रम र बजेट नगरपरिषदमा पेश गर्ने व्यवस्था मिलाउनु पर्ने । |
| मिनराज काफ्ले उपाध्यक्ष उद्योथ बाणिज्य संघ पोखरा | ● यस समिक्षामा उठेका जिज्ञासा सुझाव कार्यान्वयनको अवस्था आगामी समिक्षामा सो को प्रगति पेश गर्ने परिपाटीको थालनी गर्नु पर्ने<br>● फेवा संरक्षणमा ध्यान दिनु पर्ने, फेवाको जलकुम्भि झार फाल्नका लागि भारतबाट मशिन ल्याउन सकिन्छ यसमा नगरपालिकाले पहल र नेतृत्व गर्नु पर्ने<br>● धेरै रकम खर्च गर्नु पर्ने योजना समेत निर्माण गरी त्यस्ता ठुला प्रकृतिका योजना सञ्चालनका लागि सरकार तथा अन्य विकास साझेदारहरु सँग सहकार्य गर्नु पर्ने |

| | |
|---|---|
| | • खानेपानी ओभरहेड टंकी निर्माणको लागि जग्गा व्यवस्थापनमा तत्काल ध्यान दिनु पर्ने<br>• पर्यटन प्रवर्दनका लागि नगरपालिकाले भिजुअल निर्माण गरी भगिनी सम्बन्ध भएका सहर तथा अन्य सहर र क्षेत्रमा समेत पुर्‍याउनु पर्ने |

## ६. जिज्ञासा उपर नगरपालिकाको तर्फबाट स्पष्टोक्ति

खुला छलफल पछि अतिथी रानैतिक दलका प्रमुख एवं प्रतिनिधिबाट मन्तव्य सहितको सुझाव राख्ने कार्यक्रम अन्तरगत राजनैतिक दलहरुको तर्फबाट ने.क.पा. एमालेका श्री तेजनारायण अधिकारीले मन्तव्य राख्नु भएको थियो ।

यस पछि सहभागिहरुबाट उठेको जिज्ञासा तथा सुझावका सन्दर्भमा सरोकार राख्ने विभिन्न समितिका प्रमुख हरुले जिज्ञासा उपर नगरपालिकाको प्रयास र भए गरेका कार्यहरु सहित स्पष्ट पार्ने कार्य गरियो भने प्रमुख एवं कार्यकारी अधिकृतले नगरपालिका सदैव नगरवासीको सेवामा नै तत्पर रहेको भएता पनि लगभग ३ लाख २० हजार भन्दा बढी जनसंख्या रहेको २८ वडा तथा ३६९ वटा टोलविकास संस्था रहेको पोखरा उपमहानगरपालिकाले आफ्नो कार्य सम्पादनको दौरानमा कहि कतै विभिन्न स्रोत साधन तथा जनशक्तिको अभाव वा व्यवस्थापनमा भएको जटिलताले गर्दा सबै क्षेत्रमा ध्यान पुर्‍याउने प्रयास रहदा रहदै पनि कमि कमजोरी भएका हुन सक्छन आगामी दिनमा यस्ता कमि कमजोरीलाई सुधार्दै लगिने प्रतिवद्धता व्यक्त गर्नु भयो । यसरी नै समिक्षा बैठकमा उपस्थित भई नगारपालिकाको गत आ.ब.को कार्य प्रगति विवरण तथा आगामी आ.ब.मा नगरपालिकाले अख्तियारी गर्नु पर्ने रणनीतिका सम्बन्धमा अमुल्य सुझाव प्राप्त भएको छ । यसलाई क्रमश नगरपालिकाले अंगिकार गर्दै जाने कुरा व्यक्त गर्दै यसरी सुझाव दिनु हुने सम्पुर्ण नगरवासी राजनैतिक दल लगायत अन्य सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

जिज्ञासा माथि प्रष्ट पार्दै सुझावहरुलाई सकारात्मक रुपमा लिई प्रमुख एवं कार्यकारी अधिकृतले कार्यक्रमको समापन गर्नु भयो ।

## ७. निष्कर्ष तथा सुझाव

### निष्कर्ष

पोखरा उपमहानगरपालिकाको आ.ब.२०७१/०७२ को बार्षिक समिक्षाबाट देहायका निष्कर्षहरु आएका छन् ।

- पोखरा उपमहानगरपालिकाको आ.ब. २०७१/०७२ को बार्षिक समिक्षा कार्यक्रममा बिषयगत प्रस्तुतिहरु र पोखरा उपमहानगरपालिकाबाट प्रस्तुत बार्षिक कार्य सम्पादनको अवस्था जानकारी भयो ।
- सहभागिबाट उठाईएको प्रश्नहरु, जिज्ञासा, राजनैतिक दलबाट प्राप्त पृष्ठपोषण र पोखरा उपमहानगरपालिकाले हाँसिल गरेको कार्य सम्पादनको समष्टिगत उपलब्धी उत्साहप्रद रहेका छन् ।
- सापेक्षिक रुपमा विगत बर्षको तुलनामा हासिल भएको योजनागत ८० प्रतिशत, आन्तरीक स्रोतमा ११६ प्रतिशत प्राप्ति, एम सि पि एम मुल्यांकनमा प्राप्त नतिजा, लागत सहभागितामा भएको बृद्धि तथा बजेटको

आकार र उपलब्धिको अवस्थालाई हेर्दा पोखरा समुन्नत, आत्मनिर्भर तथा समृद्ध हुदै गएको अस्था देखिएको ।

- नगरपालिकाले भौतिक पूर्वाधारको कार्यक्रमबाट प्राप्त उपलब्धिलाई गुणात्मक तथा संख्यात्मक रुपमा प्रस्तुत गर्नुका साथै यसलाई क्रमश स्थानीय आर्थिक विकासका कार्यक्रम तर्फ उन्मुख गराउनु पर्ने देखिएको छ ।
- आवधिक योजना, दिर्घकालिन दृष्टिकोण सहितको मार्गचित्र (Road Map) निर्माण तर्फ आवश्यक पहल गर्दै जानु पर्ने देखिन्छ ।

## सुझाव

- प्राप्त गरिएका उपलब्धिहरु आगामी दिनमा दिगो र संस्थागत बनाउन जरुरी रहेको छ ।
- कतिपय कार्यहरुमा अझै पनि प्रकृयागत जटिलता, अन्तराशाखा समन्वयको कमजोरी तथा चुनौति सामाना गर्ने दक्ष जनशक्तिको अभावलाई दिगो व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।
- यस समिक्षामा प्रस्तुत भएका सुझा तथा पृष्ठपोषणहरुको सन्दर्भमा के कति कसरी कार्य भयो भन्ने बिषयमा आगामी समिक्षा बैठकमा प्रस्तुती गर्ने व्यवस्था गर्नु पर्ने देखिन्छ ।
- योजना तर्जुमाका लागि निर्दिष्ट कार्यविधिका पालना गरी वडा तथा वस्ती तहको आवश्यकता अनुसारका योजनाहरु छनौट थर्न अझ बढी पहल र प्रयास गर्नु पर्ने देखिएको छ ।
- नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा नगरपालिका आफैले जारी गरेका कार्यविधि र निर्देशिकाहरुको कार्यान्वयनलाई अझ प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।